छत्रदेव गाउँपालिका
CHHATRADEV RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

छत्रगञ्ज, अर्घाखाँची
Chhatragunj, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Letter No.: २०८३/०८४
चलानी नं./Ref. No.:

मितिः २०८३/०६/०८

अपाङ्गता भएका व्यक्तिहरुका लागि परिचय-पत्र वितरण गर्ने सम्बन्धी सूचना !

यस छत्रदेव गाउँपालिकाको अपाङ्गता परिचय-पत्र वितरण कार्यविधि, २०७५ अनुसार गाउँपालिका क्षेत्र भित्रका अपाङ्गता भएका तर परिचय-पत्र लिइ नसकेका व्यक्तिहरुलाई परिचय-पत्र प्रदान गर्ने उद्देश्यले तपसिलको मिति, समय र स्थानमा अपाङ्गता परिचय-पत्र वितरण तथा नवीकरण हुने बेहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

मिति	समय	स्थान
२०८३ असोज १४ गते, बुधबार	बिहान १०:०० बजेदेखि	छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय, छत्रगञ्ज

संलग्न गर्नु पर्ने कागजातहरु:

१. अनुसूची १ बमोजिमको निवेदन,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस *(अपाङ्गता भएको व्यक्तिको आवश्यक कागजातहरुको प्रतिलिपि वडा कार्यालयमा अनिवार्य रुपमा राख्नु पर्नेछ)*,
३. अपाङ्गता भएका व्यक्तिको नागरिकता वा जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि,
४. अटो साइजको फोटो ४ प्रति (शारीरिक अपाङ्गता स्पष्ट देखिने),
५. अपाङ्गता भएको व्यक्तिको संरक्षकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,
६. नदेखिने खालको अपाङ्गताको हकमा सम्बन्धित चिकित्सकको सिफारिस,
७. नवीकरणको हकमा पुरानो परिचय-पत्र बुझाइ अनिवार्य नयाँ परिचय-पत्रका लागि पेस गर्नु पर्नेछ ।

बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner